☎ ०३१-५४००५४

# खडक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर,सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८०/०८१
च.नं.

मितिः २०८१/०३/३०

### शिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।
### तेश्रो पटक प्रकाशित मितिः २०८१/०३/३०

प्रस्तुत् बिषयमा यस नगर कार्यपालिकाको, राजश्व परामर्श समितिको मिति २०८१/०२/२७ गते बसेको बैठकको निर्णयानुसार आन्तरिक आय अन्तर्गत तपसिल बमोजिमको पोखरी तथा हट्टियाहरुको कर दस्तुर असुली कार्य ठेक्का बन्दोबस्त द्वारा संकलन गर्नु पर्ने भएकोले दोश्रो पटक प्रकाशित सूचना बमोजिम ठेक्का लाग्न बाँकी रहेका तपसिलका पोखरी तथा हटियाहरु ठेक्का लगाउनु पर्ने भएकोले तपसिलका शर्तहरुको अधिनमा रही ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट रीतपूर्वक शिलबन्दी दरभाउपत्र आह्वानको लागि यो ७ (सात) दिने सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

ठेक्काः पोखरी

| सि.न. | पोखरीको नाम | ठेगाना | न्यूनतम अंक रु. (मु.अ.कर बाँहेक) | धरौटी रकम | ठेक्काको अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | साविक बनरझुला २ को पोखरी | खडक न.पा.३ | १,०५,२७० | ५,२६५ | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म (३वर्ष) | |
| २ | जर्मन पोखरी | खडक न.पा.३ | ५३,१०० | २,६५५ | | |
| ३ | रंजितपुरको उत्तरबरिया पोखरी | खडक न.पा.५ | १,६०,८०० | ८,०४० | | |
| ४ | मेघवारीको मुसहरनीया पोखरी | खडक न.पा.५ | १,२३,००० | ६,१५० | | |
| ५ | डिहवार मन्दिर नजिकको पोखरी | खडक न.पा.८ | ४४,४०० | २,२२० | | |
| ६ | दक्षिणबारी टोल भदियाको डबरा पोखरी | खडक न.पा.८ | २८,७१० | १,४४० | | |
| ७ | डोमराही पोखरी | खडक न.पा.११ | ३,३२,००० | १६,६०० | | |

ठेक्काः हटिया

| सि.न. | हटियाको नाम | ठेगाना | न्यूनतम अंक रु. (मु.अ.कर बाँहेक) | धरौटी रकम | ठेक्काको अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कंचिरा हटिया | खडक न.पा.३ | १३,२२५ | ६६५ | आ.व. २०८१/८२ सम्म (१ वर्ष) | |
| २ | फुलेश्वरनाथको हटिया | खडक न.पा.१० | ४०,००० | २००० | | |
| ३ | बनौली हटिया | खडक न.पा.११ | १८,५५० | ९३० | | |

दिपेश कुमार झा
प्रमुख प्रशासकीय अधिकृत

☎ ०३१-५४००५४

# खडक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर,सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८०/०८१

नियम तथा शर्तहरु :

१) फारम दस्तुर रु. ५००।- (पछि फिर्ता नहुने गरी) राजश्व शाखामा नगद बुझाउनु पर्नेछ । फारम यस नगरपालिकाको राजश्व/प्रशासन शाखाबाट उपलब्ध हुनेछ।

२) शिलबन्दी दरभाउपत्र फारम मिति २०८१/०४/०६ गते आइतबार कार्यालय समय भित्र खरिद गरि सक्नु पर्नेछ र त्यसको भोली पल्ट मिति २०८१/०४/०७ गते सोमवार दिउसो १२:०० बजे भित्र यस नगरपालिकाको राजश्व/प्रशासन शाखामा दर्ता गराई सक्नु पर्ने छ।

३) शिलबन्दी दरभाउपत्र मिति २०८१/०४/०७ गते सोमवार दिनको २:०० बजे कार्यालयमा नियमानुसार खोलिने छ । दरभाउपत्र खरिद र दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएकोमा सो को लगतै कार्यालय खुलेको दिन तोकिएकै समयमा उक्त कार्यहरु गरिनेछ ।

४) शिलबन्दी दरभाउपत्र आवदेनकर्ता अनुपस्थित भएमा दरभाउपत्र खोलिन कुनै बाधा परेको मानिने छैन् ।

५) दरभाउपत्रमा कबोल रकम भर्दा अंक र अक्षर दुवै प्रष्ट लेख्नु पर्नेछ । दुवैमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ

६) कबोल रकमको लागि तोकिएको न्युनतम दररेट भन्दा कम भएमा फारम स्वतः रद्द हुनेछ ।

७) ठेकदारले कबोल गरेको अंकमा मु.अ.कर वापतको रकम थप गरी बुझाउनु पर्नेछ।

८) शिलबन्दी दरभाउपत्र पेश गर्दा धरौटी रकम यस न.पा.को नाममा रहेको कृषि विकास बैंक, शाखा कल्याणपुरमा रहेको धरौटी खाता नं. ११०३७०१५०८००४०४७ मा नगद जम्मा गरेको सक्कल भौचर र नागरिकताको प्रतिलिपि संलग्न राखि पेश गर्नु पर्नेछ ।

९) ठेक्का स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र एकमुष्ट रकम जम्मा गर्नेलाई १० प्रतिशत छुट दिईनेछ । यदि एकमुष्ट रकम नबुझाएमा सम्झौता गर्न आउँदा पहिलो किस्ता ६० प्रतिशत नगद राजश्व शाखामा बुझाउनु पर्नेछ, र बाँकी ४० प्रतिशतको रकम पोखरीको हकमा मिति २०८४ श्रावण मसान्त सम्म र हटियाको हकमा मिति २०८२ श्रावण मसान्त सम्मको बैंक ग्यारेन्टी अनिवार्य बुझाए पछि मात्र सम्झौता गरिनेछ ।साथै तोकिएको निर्धारित समय भित्र नियमित रुपमा किस्ता बुझाउनु पर्नेछ ।

१०) एकमुष्ट वा प्रथम किस्ता वापतको ६० प्रतिशत रकम ७ सात दिन भित्र बुझाई चलान पूर्जा लिनु पर्नेछ । नबुझाएमा नियमानुसार शिलबन्दी परेका अन्य व्यक्ति वा संस्थालाई ठेक्का दिईनेछ ।

११) नगरपालिकालाई बुझाउनु पर्ने बाँकी रकम, ठेक्का वा अन्य बाँकी बक्यौता हुनेले बक्यौता रकम यस न.पा. मा नबुझाई दरभाउपत्र पेश गर्न पाईने छैन् ।

१२) ठेक्का बन्दोबस्त भईरहेको अवस्थामा रहेको पोखरीमा कुनै किसिमको संरचना हेरफेर गर्न पाईने छैन र सामान्य मर्मत सम्भारको रकम न.पा. मा दावि गर्न पाईने छैन् ।

१३) ठेक्का बन्दोबस्त भई सकेपछि कुनै किसिमको दैवी प्रकोप, खडेरी आदि भएमा त्यसको जिम्मेवार स्वयम् ठेकेदार नै हुनुपर्ने र कबोल गरेको रकममा मिन्हा हुने छैन् ।

१४) हटियाको हकमा कर पूर्जा अनिवार्य लागू गर्नु पर्नेछ र पूर्जा रसिद ठेकेदार स्वयमले छपाउनु पर्नेछ । नगरपालिकाबाट स्वीकृत दररेट वमोजिम मात्र कर संकलन गर्न पाईनेछ ।

१५) एक व्यक्ति वा फर्मको नाममा खरिद गरेको शिलबन्दी फारम अर्को व्यक्तिको नाममा दाखिला गर्न पाईने छैन् ।

१६) कुनै शर्त सहितको दरभाउपत्र स्वीकार्य हुने छैन ।

१७) ठेक्का सम्बन्धी सम्झौतामा लेखिएको हकमा सोही अनुसार र अन्यको हकमा नेपाल सरकारको प्रचलित नियमानुसार हुनेछ ।

१८) ठेक्का स्वीकृत गर्ने अन्तिम अधिकार नगरपालिकामा निहित रहनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

दिपेश कुमार झा
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :

- श्री सूचना प्रविधि शाखा नगरपालिकाको Website मा Upload गरिदिनु हुन् ।